# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।११।२० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, शहीदनगर नगरपालिकाले आ.ब. २०७७/७८ मा स्यानिटरी प्याड खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमावलीको पालना नगरी खरीद गरेको तथा गुणस्तरयुक्त नभएको स्यानिटरी प्याड खरीद गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आ.ब. २०७७/७८ मा जिल्ला धनुषा, शहिदनगर नगरपालिकाले शशर्त अनुदानतर्फको स्यानिटरी प्याड खरीदको लागि मिति २०७७/११/१९ मा रेजा ट्रेडिङ्ग प्रा.लि. सँग खरिद सम्झौता भएकोमा उक्त खरीद सम्झौता गर्नु अघि नै मिति २०७७/११/१३ मा भुक्तानी गरेको, शिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा स्यानिटरी प्याडको आबश्यक संख्या नखुलेको तर सम्झौता हुन अगावै र कही कतै संख्या स्पष्ट नहुदै रेजा ट्रेडिङ्ग प्रा.लि. ले स्यानिटरी प्याड आपूर्ति गरेको देखिएको, शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित भएको भनिएको मिति २०७७/१०/२२ को राष्ट्रिय दैनिक रेजा टुडे पत्रिकामा शहिदनगर नगरपालिकाको कुनै पनि सूचना प्रकाशित भएको नदेखिएकोले रेजा ट्रेडिङ्ग प्रा.लि.का प्रोपराइटर एवं राष्ट्रिय दैनिक रेजा टुडे पत्रिकाका प्रकाशकसँगको मिलेमतोमा खरिद कानूनको प्रावधान विपरीत झुट्टा विवरण एवं सूचना तयार गरी गलत कागजातहरुको आधारमा बदनियतपूर्ण ढंगले खरिद सम्झौता एवं रु.१३,९३,६८७।- भुक्तानी दिने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कसुर गरेको देखिन आएकोले देहायका प्रतिवादीहरुउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन नगर प्रमुख उदय कुमार यादव | शहीदनगर नगरपालिका, धनुषा | रु.१३,९३,६८७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिमको कसुर भएकोले सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो समेत असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | तत्कालीन नगर उपप्रमुख शिला देवी कापर | शहीदनगर नगरपालिका, धनुषा | रु.१३,९३,६८७।- | प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिमको कसुर भएकोले सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो समेत असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शत्रुघ्न यादव | शहीदनगर नगरपालिका, धनुषा | रु.१३,९३,६८७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिमको कसुर भएकोले सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो समेत असूल उपर हुन मागदाबी लिइएको छ। |

| | | | | |
|---|---|---|---|---|
| ४. | तत्कालीन लेखापाल लोक बहादुर नेपाली | शहीदनगर नगरपालिका, धनुषा | रु.१३,९३,६८७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिमको कसुर भएकोले सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो बमोजिम जरिवाना गरी विगो समेत असूल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | तत्कालीन जिन्सी शाखा प्रमुख सुदिप कुमार भट्टराई | शहीदनगर नगरपालिका, धनुषा | रु.१३,९३,६८७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिमको कसुर भएकोले सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो बमोजिम जरिवाना गरी विगो समेत असूल उपर हुन मागदाबी लिइएको छ। |
| ६. | तत्कालीन स्वास्थ्य संयोजक कपिलदेव प्रसाद अधिकारी | शहीदनगर नगरपालिका, धनुषा | रु.१३,९३,६८७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिमको कसुर भएकोले सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो बमोजिम जरिवाना गरी विगो समेत असूल उपर हुन मागदाबी लिइएको छ। |
| ७. | तत्कालीन प्रधानाध्यापक श्रीकृष्ण भिनवार | श्री माध्यमिक विद्यालय हट्टीपुरवाहा, धनुषा | रु.१३,९३,६८७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिमको कसुर भएकोले सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो बमोजिम जरिवाना गरी विगो समेत असूल उपर हुन मागदाबी लिइएको छ। |
| ८. | तत्कालीन सव-इन्जिनीयर सरोज कुमार महतो | शहीदनगर नगरपालिका, धनुषा | रु.१३,९३,६८७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) बमोजिमको कसुर भएकोले सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो बमोजिम जरिवाना गरी विगो समेत असूल उपर हुन मागदाबी लिइएको छ। |
| ९. | रेजा ट्रेडिङ्ग प्रा.लि. धनुषाका प्रोपराइटर एवं राष्ट्रिय दैनिक रेजा टुडे पत्रिकाका प्रकाशक अकवर मंसुर | रेजा ट्रेडिङ्ग प्रा.लि. धनुषा एवं राष्ट्रिय दैनिक रेजा टुडे पत्रिका | रु.१३,९३,६८७।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर भएकोले ऐ. दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
नरहरि घिमिरे